स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

***जननी जन्मभूमिश्चदपिरीयसी***

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**
**राप्ती उपत्यका (देउखुरी), नेपाल**




हास्य जोडी सिताराम कट्टेल (धुर्मुस) र कुञ्जना घिमिरे (सुन्तली) "सेन्टी भाइरस" रिलिजको ५ वर्षपछि एकपटक फेरि फिल्ममा एकसाथ देखिने भएका छन् । वसन्त निरौलाको निर्देशनमा बन्न लागेको फिल्म "पाँच पाण्डव"मा उनीहरुको जोडी बाँधिन लागेको हो । गत चैत १७ गते चलचित्र विकास बोर्डबाट फिल्म निर्माणका लागि इजाजत लिंदा कलाकारमा उनीहरुको नाम राखिएको छ ।

**आजको विचार...**



स्कुल .... (दुई पेजमा)

प्रविज्ञ रेग्मी



आगामी जेठ ९ गतेबाट प्रदर्शनमा आउन लागेको एक्सनप्रधान फिल्म "नरसिंहा: अवतार" यतिबेला "अच्छा लेकिन लण्डनको" गीतका कारण चर्चामा छ । फिल्मको "स्टारकास्ट" र गीतको चुलिँदो चर्चा हेर्दा बक्स अफिसमा राम्रो व्यापारको सम्भावना देखिन्छ ।

❒ वर्ष ३० ❒ अंक २६७ ❒ २०८२ वैशाख १० गते बुधबार 23 April 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा विद्यालय खोल्न अभिभावकको दवाब, कतै खुले, कतै खोल्ने तयारी





**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा), वैशाख ९/** विद्यालय बन्द गरेर ३ हप्तादेखि शिक्षकहरु काठमाडौं आन्दोलनमा रहेका बेला पाल्पामा भने अभिभावकहरुले पठन-पाठन गराउन भन्दै दवाब दिन थालेका छन् । लामो समयदेखि विद्यालय बन्द हुँदा विद्यार्थीहरुको भविष्य नै अन्धकार हुने भन्दै अभिभावकहरुले विद्यालय खोल्न विद्यालय व्यवस्थापन समितिलाई दवाब दिन थालेका हुन् ।

सोमबार जिल्लाको माथागढी गाउँपालिका -१ चिदीपानीस्थित ज्ञानोदय आधारभूत विद्यालयका अभिभावकहरुले विद्यालयमै पुगेर विद्यालय व्यवस्थापन समितिलाई विद्यालय खोल्न दवाब दिएका छन् । उनीहरुले विद्यालय खोली पठन-पाठन सुचारु गर्न भन्दै आन्दोलन गरे । अभिभावकले विद्यार्थीहरुको भविष्य सुनिश्चित गर, निरन्तर विद्यालय सञ्चालन गर, अभिभावक एकता जिन्दावाद, सक्छौं भने निजी विद्यालय बन्द गर भन्दै आन्दोलन गरेका छन् । शिक्षकहरुका कारण विद्यार्थीहरुको भविष्य विग्रिने भन्दै आफुहरु एक जुट भएर आन्दोलनमा उत्रिएको अभिभावक ताराबहादुर विश्वकर्माले बताए । उनले भने "शिक्षकहरुले आफ्ना जायज माग राखेर आन्दोलन गर्नुभएको होला त्यो अन्यथा हैन, तर हाम्रा बच्चाहरुको भविष्यप्रति खेलवाड गर्नु भएन, हाम्रा बच्चाहरुको भविष्यको लागि विद्यालय खोलन आन्दोलन गरेका हौं ।" विश्वकर्माले अभिभावकहरु विद्यालयको साथमा रहेकाले निर्धक्क भएर पठन-पाठन सञ्चालन गर्न विद्यालयलाई आग्रह गरे । लामो समय हुँदा समेत विद्यालय खुल्ने छाँटकाँट नदेखेपछि आफुहरु आन्दोलित हुनुपरेको अर्का अभिभावक लिला कुमारी विकले बताइन् । बोर्डिङ्ग स्कूलहरुले पठन-पाठन गराइरहँदा आफ्ना बालबच्चाहरु भने घरमै बस्न बाध्य भएकाले विद्यालय खोल्नुको विकल्प नरहेको उनको भनाई छ । विद्यार्थीहरुले समेत शिक्षकहरुको आन्दोलनका कारण आफुहरु पढाईबाट बञ्चित हुनु परेको गुनासो गरेका छन् । विद्यार्थी कुसुम परियारले भर्ना भएर पढ्नुपर्ने बेलामा अहिले सम्म पनि विद्यालय नखुल्दा आफुहरु समस्यामा रहेको बताइन् । उनले भनिन् "आफुसँगैका धेरै साथीहरु बोर्डिङ्ग स्कूलमा गए तर हाम्रो आर्थिक अवस्थाका कारण उता जान पनि सकेनौं ।"

अर्का विद्यार्थी दिवस बगालेले पनि शिक्षकहरुका कारण आफुहरुको भविष्य अन्यौलमा रहेको बताए । अभिभावकहरुले विहानैदेखि आन्दोलन गरेपछि विद्यालयले भने पठन-पाठन गराउन तयार भएको छ । मंगलबारदेखि यहाँ पढाई सुरु गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार पन्थीले बताए । विद्यार्थीहरुप्रति व्यवस्थापन समिति उत्तिकै चिन्तित रहेको र अभिभावकले समेत विद्यालय खोल्न दवाब दिएपछि आजदेखि नियमित रुपमा पठन-पाठन सुरु गरिएको उनको भनाई छ । उनले भने "हामीले सोमबार नै अभिभावक, विद्यार्थी र शिक्षकहरु बोलाएर विद्यालय खोल्ने नखोल्ने विषयमा छलफल गरेका थियौं, खोल्ने विषयमा निर्णय भइसकेको थिएन तर आज विहानै अभिभावक विद्यार्थीसहित आएर विद्यालय खोल्ने भए खोल्नु नत्र हामी बोर्डिङ स्कूलमा लैजान्छौं, विद्यालय खोल्नुहोस् हामी तपाईहरुकै साथमा छौं भन्दै आन्दोलन गरेपछि हामीले विद्यालय खोल्ने निर्णय गरेका हौं ।" वडा भित्रका अन्य विद्यालयहरुमा पनि पठन-पाठन सुरु भएको वडा अध्यक्ष समेत रहेका पन्थीले बताए । जिल्लाका अन्य विद्यालयहरुले पनि पठन-पाठन सञ्चालन गर्ने तयारी गरेका छन् । अभिभावकहरुको दवाबपछि उनीहरु विद्यालय खोल्न थालेका छन् ।

## संक्षिप्त समाचार

### बाबुआमाले लछारपछार गर्दा शिशुको मृत्यु



**मध्यविन्दु, वैशाख ९/**नवलपरासी (बर्दघाट सुस्तापूर्व)को बौदीकाली गाउँपालिका-१ अर्मलेमा बाबुआमाले लछारपछार गर्दा चारमहिनाको शिशुको मृत्यु भएको छ । स्थानीय दीपेन्द्र परियार र उनकी श्रीमती कमला परियारले गए राति मादक पदार्थ सेवन गरी चारमहिनाको छोरालाई लछारपछार गरी गम्भीर घाइते बनाएकामा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मधु नेपालले जानकारी दिए ।

मादक पदार्थ सेवन गरेका बाबुआमाले शिशुलाई घरको बरण्डामा गम्भीर घाइते बनाई छाडेको अवस्थामा स्थानीयले देखेपछि रामपुर अस्पताल पाल्पा लगिएकामा उपचारका क्रममा शिशुको मृत्यु भएको प्रनाउ नेपालले बताए । शिशुको हत्या अभियोगमा २१ वर्षीय बाबु दीपेन्द्र र ३५ वर्षीया आमा कमलालाई प्रहरीले नियन्त्रणमा लिएको छ । आमा कमला परियार दीपेन्द्र परियारसँग केही वर्षअघि दोस्रो विवाह गरी आएको स्थानीय सुकबहादुर नेपालीले बताए । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

*-रासस*

## पालपामा दुई गाडीसहित ११ गोरु प्रहरी नियन्त्रणमा



**सुजित रेगामी**

**पाल्पा, वैशाख ९/**अवैध रुपमा ओसारपसार गर्दै गरेको अवस्थामा प्रहरीले पाल्पामा दुई गाडिसहित ११ गोरु नियन्त्रणमा लिएको छ । जिल्लाको रामपुर नगरपालिका -१ काँशीवनस्थित कालिगण्डकी करिडोर सडक खण्डबाट प्रहरीले गाडी, गाडी चालकसहित ११ गोरु नियन्त्रणमा लिएको हो ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको बा २१ च ८९२८ र प्रदेश २-०३ ००१ च ३३५६ नम्बरको पिकअप गाडीलाई प्रहरीचौकी केलादीबाट खटिएको प्रहरी टोलीले शंका लागि रोकेर चेकजाँच गर्ने क्रममा गोरुसहित गाडी नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कमल प्रधानले जानकारी दिए । उनका अनुसार बा २१ च ८९२८ नम्बरको पिकअपमा ५ वटा र प्रदेश २-०३ ००१ च ३३५६ नम्बरको पिकअपमा ६ वटा गोरुहरु क्षमता भन्दा बढी कोची घाउ चोट लाग्ने गरी निर्दयीपूर्वक यातना दिई ल्याइएको अवस्थामा नियन्त्रणमा लिइएको हो । चालक मकवानपुर हेटौंडा उप-महानगरपालिका- १७ का २८ वर्षीय सिशान थिङ र बारा जितपुरसिमरा उप-माहनगरपालिका- २ का २२ वर्षीय महेश भोलान प्रहरीको नियन्त्रणमा छन् । गाडी र उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## कर्मचारी खटाएरै भए पनि कक्षा १२ को परीक्षा हुने




**पाल्पा, वैशाख ९/**शिक्षक आन्दोलनका कारण वैशाख ११ गतेदेखि हुने भनिएको कक्षा १२ को परीक्षा हुने नहुने अन्यौलमा रहेका बेला सरकारले भने जसरी भए पनि परीक्षा सञ्चालन गर्ने गरी तयारी अगाडि बढाएको छ । सरकारले निजामती कर्मचारी खटाएरै भए पनि परीक्षा सञ्चालन गर्ने तायारी गरेको हो ।

प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिलाई जिम्मेवारी दिएर परीक्षा सञ्चालन गर्ने तयारी सरकारको छ । राष्ट्रिय परीक्षा बोर्डको मंगलबार बिहान बसेको बैठकले आगामी वैशाख ११ गतेदेखि तोकिएको कक्षा १२ को परीक्षा निजामती कर्मचारी खटाएर भए पनि सञ्चालन गर्ने निर्णय समेत गरेको छ । बोर्डको बैठकले पूर्वनिर्धारित समयमै परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

शिक्षक सहभागी नभए निजामति कर्मचारी परिचालन गरेरै भए पनि परीक्षा सञ्चालन गर्ने निर्णय गरेको बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए । परीक्षाको समय फेरबदल गर्दा विद्यार्थीको परीक्षाको तयारीमा असर पर्ने तथा समय खेर जाने भएकाले परीक्षा नरोक्ने उनले बताए । प्रमुख जिल्ला अधिकारीले प्रत्येक परीक्षा केन्द्रमा जिल्लास्थित निजामति कर्मचारीलाई परिचालन गरेर निर्धारित समयमै परीक्षा सञ्चालन गर्ने बोर्डले निर्णय गरेको छ । आन्दोलनमा सहभागी नभएका शिक्षकलाई परीक्षा केन्द्रमा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष बनाउने र त्यस्तो अवस्था नभएका केन्द्रमा प्रमुख जिल्ला अधिकारीले नै निर्णय गरेर व्यवस्थापन गर्ने गरी परीक्षा सञ्चालन गरिने भएको छ ।

यसवर्ष कक्षा १२ को परीक्षामा करिब पाँच लाख विद्यार्थी सहभागी हुनेछन् । परीक्षाका लागि जापानमा एउटासहित एक हजार ५९१ परीक्षा केन्द्रको व्यवस्था गरिएको छ । नेपाल शिक्षक महासैले जारी राखेको आन्दोन र महासैले कक्षा १२ को परीक्षा सञ्चालनमा सहयोग नगर्ने निर्णय गरेपछि विद्यार्थी तथा अभिभावकमा परीक्षा निर्धारित समयमा सञ्चालन हुने नहुनेबारे अन्योल थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पुस्तक र प्रतिलिपि अधिकार दिवसको सन्दर्भ

हरेक वर्ष अप्रिल २३ को दिनलाई “विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस” का रूपमा मनाउने गरिएको छ । सन् १९९५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसंघीय शैक्षिक तथा साँस्कृतिक संगठन युनेस्काको महासभाले अप्रिल २३ को दिनलाई विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवसको रुपमा मनाउने घोषणा गरेको थियो । सोही अनुसार हरेक वर्ष यो दिवस मनाउने गरिएको छ । आज पुस्तक लेख्नेहरुको उत्सव तथा पुस्तक पढ्नेहरुको उत्सवको दिन पनि हो ।

विश्वव्यापी रूपमा मनाइने यस दिवसका अवसरमा विश्वका विभिन्न देशमा पुस्तक प्रदर्शनी, पढाइ प्रतियोगिता, साहित्यिक गोष्ठी, लेखक सम्मान, कृति सम्मान, वाचन प्रतियोगिता आदि कार्यक्रमको आयोजना गरिन्छ । यसले पुराना पिंढीलाई सम्मान, युवालाई ऊर्जा तथा नयाँ पिंढीलाई यस क्षेत्रमा लाग्न प्रोत्साहन गरेको पाइन्छ । केही देशमा यस दिवसको दिन आ–आफूले पढेका पुस्तक एकापसमा आदान–प्रदान गरेर पढ्ने, पुराना पुस्तकसँग नयाँ पुस्तक साटफेर गर्ने, पुस्तकमा भारी छुट प्रदान गर्ने, लेखक तथा पाठक संवाद गर्ने, पुस्तक विमोचन गर्ने तथा पुस्तकालय, विद्यालय, विश्वविद्यालयहरूले विभिन्न प्रतियोगिता आयोजना गरी पर्वको रूपमा मनाएको देखिन्छ ।

विशेष गरी युवा पुस्तामा पढ्ने बानीको विकास गर्न पुस्तक दिवस मनाउन लागिएको हो । लेखन तथा प्रकाशन क्षेत्रमा प्रतिलिपि अधिकार ठूलो मुद्दा भएकाले आजको दिनलाई विश्व पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवसका रुपमा लिइएको हो । पुस्तक दिवसकै अवसर पारेर साथीसंगीबीच पुस्तक उपहार दिने चलन पनि नेपालमा बढ्दै गएको छ । यो आफैमा राम्रो पक्ष हो । सञ्चार क्षेत्रको फैलावट बढेसँगै लेखनका बारेमा हुने विभिन्न चर्चा परिचर्चा र बौद्धिक फोरमहरुले समेत पुस्तक पारखीलाई पुस्तकप्रति आकर्षित गर्ने गरेका छन् । नेपालमा दिनहुँ नयाँ नयाँ पुस्तक छापिनै रहेका हुन्छन् । तर तीनको गुणस्तर कम र लक्षित वर्ग स्पष्ट नभएका कारण पनि ती बहसमा अटाउँदैन । लेखकले नाम कमाउन मात्र लेख्ने प्रवृति पछिल्लो समय बढेको छ । गुणस्तरीय लेखनीमा जोड दिन पाठक र बौद्धिक वर्गले लेखकलाई दबाव दिन सक्ने समय पनि हो आज । त्यसैले दिवसलाई दिवसकै रुपमा मनाउने भन्दा पनि गहन अध्ययन र हरेक दिनका बहस र विचारहरुलाई महत्वका साथ लिन जरुरी छ ।

### Opinion @ Social Network

पैसा ठूलो कि खुसी त्यो आज सम्म थाहा भएन
जति बेला जे कमि थियो त्यहीं ठुलो लाग्यो मलाई !
*(माया सारुको फेसबुक स्टाटस https://www.facebook.com/Maya.Saru123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्कुल गुणस्तरीय छ कि छैन, कसरी थाहा पाउने?



प्रविज्ञ रेग्मी

कक्षा ८ मा पढ्दै गरेकी अञ्जली प्राय: सबै विषयमा अनुत्तीर्ण हुन्थिन्। यो शृंखला कक्षा ४ देखि चलेको थियो।

स्कुलमा अञ्जली पढ्ने स्वभाव नभएकी वा ढिला पनि भनिन्थ्यो। अभिभावक दिक्क थिए। शिक्षक र स्कुलले यो अवस्थालाई कसरी समाधान गर्ने भनेर छलफल पनि गरे। तर समस्या ज्युँकात्युँ रह्यो। अभिभावकले स्कुल फेर्ने निर्णय गरे। उनीहरूको खोज गुणस्तरीय स्कुल थियो जहाँ अञ्जलीको सबैथोक प्रगति होस्।

तर एक प्रश्न तेर्सियो – कस्तो होला त्यस्तो आदर्श स्कुल? कसरी थाहा हुन्छ स्कुल स्तरीय छ वा छैन भनेर? यो एक प्रतिनिधि प्रश्न मात्र हो। धेरैले स्कुलको गुणस्तरलाई अमूर्त मान्छन् र यसको लेखाजोखा गर्न नसकिने भन्छन्। तर के साँच्चै स्कुलको स्तर नाप्न वा जोख्न नमिल्ने हो र?

यो लेखमा यसैको विश्लेषण गर्नेछु। आशा छ, यसका तथ्यगत बुँदाहरूले स्कुल आफैलाई पनि मूल्यांकन गर्ने आधार दिनेछ र अन्यलाई स्कुलको स्तर आकलन गर्न सघाउ पुग्नेछ। र, अन्त्यमा अञ्जलीको यस अवस्थालाई के गर्नुपर्ने हो, त्यसको आधार दिनेछु।

स्कुलको स्तर हुन्छ र यो विभिन्न मानदण्ड प्रयोग गरेर लेखाजोखा गर्न सकिन्छ। तसर्थ यो पूरै अमूर्त होइन, यो गुणात्मक अध्ययनको भाग हो। तर स्तरीय स्कुलमा सबै विद्यार्थी सफल हुन्छन् भन्ने छैन। यहाँ अर्को प्रश्न फेरि तेर्सिन्छ, स्तरीय स्कुलमा सबै विद्यार्थीको सफलताको सुनिश्चितता छैन भने कसरी स्कुल स्तरीय भयो त? ओइसिडी र पिसाको अध्ययनले स्कुलको गुणस्तर र विद्यार्थी सफलताको सहसम्बन्ध तथ्यांक विन्दु ०.५ देखाउँछ। यो भनेको मध्यम तर अर्थपूर्ण सहसम्बन्ध हो। तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको इंगित गर्छ।

तसर्थ स्कुलको स्तरले मात्रै विद्यार्थी सफलताको पूर्ण प्रत्याभूति दिँदैन। विद्यार्थी सफलताको अर्को महत्त्वपूर्ण पक्ष छ, त्यसलाई विद्यार्थीको शैक्षिक अनुभव भनिन्छ। यो भनेको विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव हो। यहाँ दुई तत्वहरू रहे, पहिलो स्कुलको स्तरीयता र दोस्रो त्यहाँ विद्यार्थीको व्यक्तिगत सिकाइ अनुभव। पहिला हेरौं गुणस्तरीय स्कुल नापजोखका मानदण्डहरू।स्तरीय स्कुलका मानकहरूलाई सामान्यीकरण गर्दा यसका तीन आयामहरू अनुसन्धानले पहिल्याउँछ।

एक, शैक्षिक प्रणाली।
दुई, सिकाइको वातावरण।
तीन, खाका वा शैक्षिक रूपरेखा।

यसलाई यसरी बुझौं – यदि शैक्षिक प्रणाली इन्जिन हो भने सिकाइ वातावरण त्यस गाडीभित्रको इन्धन र हावाको सन्तुलन हो। खाका वा शैक्षिक ढाँचा भनेको च्यासिस, गियर इत्यादिको बनावट र गाडीको नियन्त्रणहरू हुन्। यी सबैको समन्वयमा गाडीले हामीलाई गन्तव्यमा पुर्‍याउँछ। प्रणाली भन्ने शब्दले त्यस स्कुलको नीति, स्रोत र अभ्यासहरूलाई समेट्ने समग्र संरचनालाई जनाउँछ। यसले प्रभावकारी शिक्षण र सिकाइलाई सहज बनाउँछ। यसभित्र स्पष्ट शैक्षिक उद्देश्यहरू, त्यसका मापदण्डहरू र जबाफदेयिता पर्छन्। स्कुल प्रशासनको मूलभूत स्वरूप यसैमा रहन्छ। शैक्षिक लक्ष्यहरू र तिनका कार्यान्वयनका रणनीतिबीच समन्वय यसले गर्छ। अर्को भाषामा भन्दा प्रणालीले प्रशासनको गन्तव्यको निर्धारण गर्छ वा स्तरीय स्कुलमा शैक्षिक स्तरका लागि प्रशासन उद्देश्यपूर्ण र परिभाषित लक्ष्यतर्फ उन्मुख हुन्छ। यसलाई स्कुलको मान्यता र शैक्षिक नीति हेरेर पहिल्याउन सकिन्छ।

प्रणाली भित्र पाठ्यक्रम र मूल्यांकन रहन्छन्। पाठ्यक्रमले विद्यार्थीले प्राप्त गर्न पर्ने ज्ञान, सीप र चरित्र निर्माणलाई निर्दिष्ट गर्छ र मूल्यांकनले विद्यार्थीका प्रगति निगरानी र शिक्षण प्रक्रियालाई मार्गदर्शन गर्छ। पाठ्यक्रमको स्तर र मूल्यांकनका सूचक हेरेर स्कुलको स्तरीयताको पहिचान गर्न सकिन्छ। शिक्षक विकास र शिक्षकलाई दिइने टेवा पनि प्रणाली भित्र पर्छ। यसको अर्थ योग्य शिक्षकको भर्ना, निरन्तरको व्यावसायिक विकास र शिक्षण अभ्यासलाई सशक्त बनाउन परिचालन गरिने स्रोत र त्यस्ता कार्यको व्यवस्थापन हो। भौतिक पूर्वाधारलाई पनि प्रणाली अन्तर्गत समेटिन्छ। यसमा कक्षाकोठाका आवश्यक संसाधन र सिकाइ अनुकूलको संरचना, कार्यगत बनावट, विद्यार्थी सुरक्षा पर्छन् जसलाई अवलोकन गरेर स्तरीयता आकलन गर्न सकिन्छ। यस्तै गरी प्रणालीमा समुदाय र सरोकारवालासँगको सहकार्य जसमा विद्यार्थीको सिकाइलाई सहयोग दिने विद्यालय, परिवार र समग्र समुदाय बीचको सम्बन्ध रहन्छ। यी सबै पक्षहरू एक अर्कासँग अन्तरसम्बन्धित छन् र प्रणालीको प्रभावकारिता यिनको समन्वयमा निर्भर गर्छ। उल्लेख्य के छ भने राम्रोसँग निर्माण गरिएको पाठ्यक्रम कार्यान्वयन गर्न सक्षम शिक्षक, आवश्यक स्रोतहरू र प्रभावकारी मूल्यांकन पद्धति चाहिन्छ। त्यस्तो समन्वय भएकालाई गुणस्तरीय स्कुल भनिन्छ। गुणस्तरीय स्कुलहरूको अति नै महत्त्वपूर्ण अर्को मानक हो– सिकाइ वातावरण। घाम, ठिक्क पानी, पोषणयुक्त माटो भएमा फूल आफै फक्रिन्छ। तिनको सन्तुलन नभए परिणाम अर्कै आउँछ। यही उदाहरणलाई सिकाइको वातावरणसँग दाँज्न मिल्छ। शैक्षिक वातावरण भनेको सही बाह्य वातावरण सहितको भावनात्मक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक परिवेशको समग्रता हो, जसले सिकाइ र अध्यापनलाई स्वरूप दिन्छ। शिक्षाविद जी. अर्थम्यानको अध्ययनले सुरक्षित, सफा, उज्याला कक्षाकोठा, सजिलै बस्न र दायाँबायाँ चल्न मिल्ने ठाउँ, पुस्तक, सिकाइ सामग्री उपलब्धता, शिक्षकको ध्यान पुग्न सक्ने कक्षा बनावट, प्रविधिको पहुँच र २० देखि २५ सम्म विद्यार्थी संख्या भएका कक्षाहरूमा विद्यार्थीहरूको शैक्षिक प्रदर्शन उच्च भएको देखाएको छ। प्राज्ञिक, सामाजिक र भावनात्मक शिक्षाका लागि काम गर्ने संस्था ‘क्यासेल’ को अनुसन्धानले भावनात्मक सुरक्षा भएका स्कुलमा विद्यार्थी सहभागिता र व्यवहारमा सुधार आउने देखाउँछ। क्यासेलको खाकाले अपनत्व, विश्वास, भावनात्मक टेवा, विद्यार्थीका प्रयासलाई सम्मान र प्रोत्साहन दिने, असफलताको डर बिना खुला सोच र जिज्ञासालाई प्रेरणा दिने वातावरणलाई छुटाउन नहुने बताउँछ।

शिक्षक विद्यार्थी र सहपाठीबीच सकारात्मक सम्बन्ध हुने, समूहमा मिलेर बस्ने, सहकार्य गर्ने, शिक्षकको सहानुभूति, निष्पक्ष व्यवहार भएको वातावरणमा विद्यार्थीहरूको सफलता उच्च हुने अध्येता बिके हम्रे भन्छन् । यस्तै युनेस्कोको अध्ययनले समावेशिता र समानताको वातावरण, भाषा, संस्कृति इत्यादिका विविधता स्वीकार गरिने, भेदभाव नभएको परिवेशमा विद्यार्थीको विकास तीव्र हुने देखाउँछ। उपर्युक्त पक्षहरू स्तरीय विद्यालयका सामाजिक-भावनात्मक मानकहरू हुन्। तिनका अभ्यासका आधारमा विद्यालय गुणस्तरको निष्कर्ष निकाल्न सकिन्छ। स्पष्ट शैक्षिक खाका भएकालाई गुणस्तरीय स्कुल भनिन्छ। यो स्तरीयताको तेस्रो आयाम हो। यसलाई स्कुलको शैक्षिक कार्यक्रम भनेर पनि चिनिन्छ। शैक्षिक कार्यक्रम बिना स्कुलहरू कहिल्यै पनि स्तरीय बन्दैनन्। यसको गुदीमा पाठ्यक्रम संरचनाले के पढाइन्छ र कसरी अध्यापन गरिन्छ भन्ने निर्धारण गर्छ। यसले विषय ज्ञान, त्यसका कौशल र विषयहरूबीच ज्ञानको विकासलाई सुनिश्चित गर्छ। उदाहरणका लागि, यस भित्र आलोचनात्मक वा मौलिक सोच, रचनात्मक सिकाइ, सहकार्य (बिना प्रतिस्पर्धाको वातावरण) र प्रभावकारी सूचना आदानप्रदान पर्छन्। यसपछि सिकाइ नतिजा पर्छ। यस अवस्थामा शिक्षकहरूले आफ्ना विषयका दक्षता स्पष्ट निर्धारण गर्छन्। यस भित्र उमेर अनुसारको उपयुक्त बौद्धिक विकास, चुनौतीका सन्तुलन इत्यादि रहन्छन्। विद्यार्थीका सोचमा आएका परिवर्तनलाई सिकाइ नतिजाका आधारमा परिस्कृत गरिन्छ। पढाइलाई विश्वव्यापी मापदण्डसँग मेल गराइन्छ। विद्यालयको शैक्षिक कार्यक्रमले शिक्षा प्रक्रिया र ज्ञानको समग्रतालाई जोड्छ।

हाम्रो परिप्रेक्ष्यको कुरा गर्दा नेपालको पाठ्यक्रम विश्वस्तरमा कहाँ छ त्यसको जानकारी राखिन्छ र त्यसै अनुरूप स्तरीय स्कुलले यसलाई काँटछाँट र स्तरीकृत गर्छन्। गुणस्तरीय स्कुलको केन्द्रमा अध्यापन रणनीति वा विधिशास्त्र आउँछ। यहाँ सिकाइ उद्देश्य र विद्यार्थी आवश्यकतासँग मेल खाने रणनीतिहरूका प्रयोग पर्छन्। उदाहरणका लागि प्रत्यक्ष शिक्षण, परियोजना आधारित सिकाइ, विभेदित शिक्षण वा अन्वेषण वा जिज्ञासा आधारित शिक्षण जस्ता पक्षहरूलाई विद्यालयको शैक्षिक कार्यक्रममा कसरी संयोजन गरिएको छ भन्ने यसमा आउँछ। शैक्षिक खाकाको अन्तिम तर महत्त्वपूर्ण पक्ष भनेको मूल्यांकनको रूपरेखा हो। र, बुझ्नुपर्ने कुरो सिकाइ उद्देश्य र शिक्षण विधिको प्रत्यक्ष सम्बन्ध हो। शिक्षण एकतर्फ र मूल्यांकन अर्कोतर्फ भएमा शिक्षा प्रक्रिया अस्वाभाविक हुन्छ र उद्देश्यपूर्ण बन्दैन। उल्लेख्य के छ भने, धेरै स्कुलहरू शिक्षण एक तरिकाले गर्छन् तर त्यस सिकाइ अनुसारका मूल्यांकन प्रक्रिया पाखा लगाउँछन्। यस अवस्थामा ती स्कुलले सोचेको जस्तो परिणाम ल्याउन सक्दैनन् र असफल बन्छन्। स्तरीय स्कुलले यो पक्षलाई उपेक्षा गर्दैनन्।

स्तरीय स्कुलले पाठ्यक्रम, शिक्षण सिकाइ र मूल्यांकन बीचको सम्बन्ध सुनिश्चित गर्छन्। यो भनेको सिकाइका उद्देश्य, प्रक्रिया र मूल्यांकनको तादात्म्यता हो। उपर्युक्त तत्वहरू केलाउँदा स्कुलको स्तर थाहा पाउन सकिन्छ। स्मरण रहोस्, तिनले विद्यार्थीको सफलता जनाउँदैनन्। विद्यार्थी सफलता भनेको स्कुलको स्तरीयताको समग्रताले उनीहरूको सिकाइ अनुभवमा पार्ने प्रभाव हो। या यसरी बुझौं, स्तरीय स्कुलले विद्यार्थीहरूलाई सही मञ्च प्रदान गर्ने मात्र हो। स्तरीय स्कुलको मानदण्डको उद्देश्य विद्यार्थीको सिकाइ अनुभवलाई सुदृढ गर्नु हो।

स्तरीय सिकाइ अनुभवका लागि स्कुलको अहम भूमिका रहन्छ। तर अञ्जलीजस्ता संघर्षरत विद्यार्थीका लागि उनको सिकाइ अनुभव नै सफलताको मुख्य कारक हुन्छ।

स्तरीय सिकाइका धेरै पक्षहरू छन्, तीमध्ये प्रमुख दुई हुन् –

- पहिलो, स्वयं विद्यार्थीको क्रियाशील सिकाइ र सहभागिता।
- दोस्रो, शिक्षकको प्रभावकारी भूमिका।

क्रियाशील सिकाइले विद्यार्थीलाई शिक्षा प्रक्रियामा ल्याउँछ र ती प्रक्रियालाई कुशल शिक्षकले प्रभावकारी कार्यान्वयन गर्न सक्छन्। यसका लागि अञ्जलीको आवश्यकता अनुसार स्कुलले शिक्षण रणनीतिको परिवर्तन, शिक्षकको समानुभूतिपूर्ण व्यवहार र अञ्जलीको नियमित अभ्यास प्रमुख छन्। सहसम्बन्धको तथ्यांक केलाउँदा प्रभावकारी शिक्षक र विद्यार्थी सफलताको विन्दु ०.७ सम्म हुने अध्येता हन्सेक बताउँछन्। त्यस्तै स्कुलको स्तरीय परिवेशको विन्दु ०.६ सम्म रहेको तथ्यांकले देखाउँछ। र, अन्त्यमा स्कुलको शैक्षिक नेतृत्व (शैक्षिक प्रशासन) र विद्यार्थी सफलताको विन्दु स्वरेसको अध्ययनमा ०.८ सम्म पाइएको छ।

पुनश्च: तथ्यांकशास्त्र अनुसार विन्दु १ ले पूर्ण सहसम्बन्ध देखाउँछ भने ० ले सहसम्बन्ध नभएको संकेत गर्छ। समग्रतामा अनुसन्धान भन्छ, स्कुलको स्तरीयता र विद्यार्थीको सिकाइको स्तर नै स्कुल र विद्यार्थी सफलताका कारण हुन्। तिनलाई तीन प्रमुख तत्वहरूले मूर्त रूपमा निर्धारण गर्छन्– प्रभावकारी शिक्षक, स्कुलमा सिकाइको वातावरण र स्कुलको शैक्षिक नेतृत्व जसले शिक्षा प्रणाली र यसको रूपरेखा जीवन्त बनाउँछ। ***(लेखक प्रविज्ञ रेग्मी एजुकेसन फर द नेक्स्टजेन र न्यू मिलेनियम स्कुल इमाडोल, ललितपुरका संस्थापक अध्यक्ष हुन्। ) -सेतोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक कार्य अघी बढ्नेछ । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । | **तुला** : आफन्तको प्रगतिमा मन रमाउनेछ। नयाँ कार्यको अवसर मिल्नेछ । |
| **वृष** : जिद्दीपनाले काम बिग्रने डर छ । सरकारी निकाएको भयपनि रहला । | **वृश्चिक** : गरेका कामबाट राम्रै लाभ हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । |
| **मिथुन** : आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । शत्रु पराजित हुनेछन् । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । |
| **कर्कट** : विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **सिंह** : प्रेमीको सहयोग पाईनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **कुम्भ** : सामाजिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर बढ्नेछ । |
| **कन्या** : निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउनेछ । | **मीन** : मिष्ठान्न भोजनको अवसर मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ । |

# कला मनोरञ्जन

## संगीतको पुनर्जन्म कि प्रचारको औजार ?

पछिल्लो समय नेपाली फिल्ममा चर्चित र लोकप्रिय पुराना गीतलाई 'रि-क्रिएट' गर्ने प्रवृत्ति बढेको छ । नयाँ र पुराना दुवै पुस्ताका निर्माताले जमानाका चर्चित गीतको प्रतिलिपि अधिकार लिएर फिल्ममा समावेश गरिरहेका छन् । पछिल्लो महिना मात्र संगीतकार शम्भुजीत बासकोटाका दुई गीत 'रि-क्रिएट' भए । प्रदर्शन तयारीमा रहेको फिल्म 'नरसिंहा अवतार'मा उनले नै संगीत दिएको कुनैबेलाको हिट गीत 'अच्छा लिकिन लण्डनको चिसोले समाउला'लाई पुन:सिर्जना गरिएको छ । यसअघि फिल्म 'दैव संजोग'मा समावेश यो गीतले 'नरसिंहा अवतार'मा पुनर्जीवन पाएको हो । बासकोटाकै संगीतमा अर्को हिट गीत 'सम्झना बिर्सना सलल'को पनि 'रि-क्रिएट' गरिएको छ । अशोक शर्माको निर्देशनमा बन्न लागेको फिल्म 'डबल ट्रिपल', जसका लागि राजु लामा र रचना रिमालले केही दिनअघि गीत रेकर्ड गराए । यसैमहिना कुनैबेलाको हिट गीत 'माइतीघर'को शीर्ष गीत 'वसन्त न बस्न खोज्छ यहाँ'लाई पुन:सिर्जना गरियो। जयदेवको संगीत र किरण खरेलको शब्दलाई यथावत राखेर भारतीय गायिका संजीवनीले हालै मुम्बईको एक स्टुडियोमा नयाँ भर्सनको गीत रेकर्ड गराइन् । हालै मात्र रिलिज भएको कुमार कट्टेल निर्देशित फिल्म 'लाज शरणम्'मा ऱ्यापर बालेनको दशकअघिको गीत 'नेपाल हाँसेको' समावेश गरियो । यसबाहेक, हिट गीतलाई रि-क्रिएट गर्नेदेखि हिट गीतलाई जस्ताको तस्तै समावेश गर्ने प्रवृत्ति पछिल्लो समय बढ्ने क्रममा देखिन्छ । निर्माताले पुराना गीतलाई समेटेर दर्शकलाई अतितको महसुस (नोस्टाल्जिक) तुल्याउन खोजिरहेको देखिन्छ भने अर्कोतर्फ यसपछि व्यवसायिक उद्देश्य पनि देखिन्छ । नेपाली फिल्मले पछिल्लो समय मेलोडी गुमाइरहेको चिन्ताबीच यो सांगीतिक ट्रेन्डलाई लिएर दर्शकको भने मिश्रित प्रतिक्रिया छ ।



**मुम्बईमा संजीवनीले गाइन् नेपाली फिल्म 'माइतीघर'को शीर्षगीत :**

निर्माता रोहित अधिकारीले आगामी फिल्म 'माइतीघर'मा सोही नामको अघिल्लो फिल्ममा समावेश गीतलाई पुन:सिर्जना गर्दै समावेश तयारी गरेका छन् । उनलाई लाग्छ, पुराना फिल्मका सफल गीतलाई समावेश गर्दा दर्शकलाई चित्त बुझ्छ र यसले व्यवसायिक फाइदा पनि पुग्छ । 'कथा र भावले माग्छ भने पुरानो गीतलाई पुन: प्रयोग गर्नु कुनै खराब कुरा होइन' अधिकारीले अनलाइनखबरसँग भने, 'अझ, पुरानो फिलमका सफल गीतहरूलाई नयाँ लयमा प्रस्तुत गर्दा दर्शकलाई पनि चित्त बुझ्ने सम्भावना हुन्छ ।' यो ट्रेन्डले व्यवसायिक लाभ मिल्ने पनि आशा व्यक्त गरे । 'यो अभ्यास केवल संगीतको पुनरावृत्ति नभई कथाको आवश्यकताअनुसार गरिएको 'साङ्गीतिक पुन:निर्माण' हो' उनले भने । उनका अनुसार पुरानो गीतलाई पुन:प्रयोग गर्नु पुरानो सफलतालाई दोहोऱ्याउने मात्र प्रयास होइन । 'यो गीतको 'सांगीतिक पुनर्जन्म' हो जसले दर्शकसँग भावनात्मक जडान पनि गर्छ र फिल्मको प्रभावकारिता पनि बढाउँछ' उनले भने, 'दर्शकले पहिले नै चिनेको, मन पराइसकेको गीतलाई नयाँ प्रस्तुतीकरणमा देख्दा उनीहरू त्यो फिल्मप्रति अझ नजिक हुन्छन् ।' अधिकारीको दृष्टिकोणमा यस्तो सांगीतिक अभ्यास सफ्जना अभाव होइन, बरु सृजनालाई समयसँगै पुन:परिभाषित गर्ने प्रक्रिया हो । 'हामीले सिर्जना गरेका गीतहरू समयसँगै कहिले पुराना मात्र नभई कालजयी बन्न सक्छन्,' उनी भन्छन्, 'यदि त्यस्ता गीतलाई सही ढंगले, कथा अनुरूप प्रयोग गर्न सकियो भने त्यो सिनेमा र संगीत दुवैका लागि फलदायी हुन्छ ।'

**फिल्म गायनमा पपस्टार राजु लामा, गाए 'सम्झना बिर्सना सललल' :** तर, यो ट्रेन्ड सबैका लागि पाच्य नहुन सक्छ । 'स्क्रिप्ट डक्टर' तथा निर्देशक मनोज पण्डित यस विषयमा आलोचनात्मक मत राख्छन् । गीतलाई प्रचारको साधनको रुपमा मात्र हेरिएको उनको भनाइ छ । 'कुनै पनि फिल्मको आत्मा भनेकै त्यसको कथा र मौलिकता हो । संगीत फिल्मको एउटा अभिन्न अङ्ग हो, जुन कथासँगै बग्नुपर्ने हुन्छ । तर पछिल्लो समय देखिएको प्रवृत्तिमा गीतलाई केवल प्रचारको साधनको रूपमा हेरिने गरेको छ' उनी भन्छन् । उनका अनुसार गीतलाई कथाको अंगको रुपमा व्यवहार नगरिने समस्या छ । 'हिजोआज स्क्रिप्ट तयार गर्दा गीतलाई कथा अनुरूप गाँस्ने प्रयास नगरी, छायांकन सकिएपछि मात्रै थप्ने गरिन्छ' उनी भन्छन्, 'यसरी गीत रेकर्ड गर्ने चलनले त्यो गीतले कथासँग मेल नखाने सम्भावना उच्च बनाउँछ । जसले गर्दा गीत फिल्मको आत्मासँग जोडिन सक्दैन र केवल सामाजिक सञ्जालमा भाइरल हुने प्रयासमा सीमित हुन्छ ।' फिल्म हिट हुनुको एकमात्र आधार यसको कथा रहेको उनको विश्लेषण छ । उनी भन्छन्, 'गीत बनायो, त्यसलाई भाइरल बनाउन सामाजिक संजालमा प्रचार गरियो, अनि फिल्म पनि हिट भयो भन्ने सोच छ, तर फिल्म चल्नु भनेको कथाबाट हो ।' उनका अनुसार गीतले दर्शकलाई हलसम्म ल्याउन सक्ला तर जबसम्म त्यो गीतले कथाभित्र गहिरो अर्थ बोकेको हुँदैन, त्यो गीत र फिल्मले दर्शकको मनमा दीर्घकालीन असर पार्न सक्दैन । गीतलाई प्रचारको औजार होइन, कथा बोक्ने माध्यमको रूपमा प्रयोग गर्नुपर्ने आवश्यकता उनी देख्छन् । 'कथा र गीतको संयोजन धेरै महत्वपूर्ण छ,' भन्छन्, 'गीत फिल्मको एक भाग हुनुपर्छ, जसले कथालाई थप अर्थ दिन्छ । नत्र भने यो केवल प्रचारको साधन बनेर मात्र सीमित रहन्छ ।' उनी गीतको पुन: प्रयोगको पूर्ण विपक्षमा छैनन्, तर कथाले मागेको अवस्थामा मात्र समावेश हुनुपर्ने सर्त राख्छन् । कथावस्तुसँग मिल्ने, भाव व्यक्त गर्ने र दृश्यलाई सशक्त बनाउने गरी प्रयोग गरिएका गीतहरूले फिल्मलाई राम्रो बनाउने उनको विश्वास छ । यो ट्रेन्डलाई अहिलेको प्रवृत्तिको रूपमा मात्रै नभई, भविष्यमा नेपाली फिल्म उद्योगको रचनात्मकतामा गहिरो असर पार्न सक्ने संकेतको रूपमा पनि उनी हेर्छन् । 'यदि गीतलाई कथा सँगै बुनिएको अंग बनाइएन भने, नेपाली फिल्मले आफ्नो मौलिकता गुमाउँदै जाने खतरा रहन्छ' उनी भन्छन्, 'आजको प्रमोसनल सोचले गीतहरू त भाइरल बनाउँछ, तर त्यसले दीर्घकालीन सिनेमा संस्कृतिमा असर पार्न सक्छ ।' उनको प्रश्न छ- के हामी केवल भाइरलको पछि लागिरहेका छौं कि हामी साँचो अर्थमा कथा भन्न खोजिरहेका छौं ? *-अनलाइन खबर डटकम*


डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा


## के हो चलचित्र 'जार'ले उठाएको विषय ?



चलचित्र 'जार'ले नेपाली सिनेमा उद्योगलाई एक खुड्किलो माथि उठाउने निर्माणपक्षले बताएको छ । 'जार' रिलिज भएपछि दर्शकले नेपाली चलचित्रको स्तर उकासिएको महसुस गर्ने निर्माणपक्षको भनाइ छ ।

चलचित्र विषय, प्रस्तुति र प्राविधिक रूपमै बलियो रहेको निर्देशक फूर्वा छिरिङ लामाले बताएका छन् । "विषयका हिसाबले हामीले अब्बल र नेपाली समाजले भोगेको विषय उठान गरेका छौँ । त्यसैले यसलाई म हरेक समाजको कथा भन्न रुचाउँछु," निर्देशक लामाले प्रेस नोटमार्फत भनेका छन्, "प्राविधिक पक्ष पनि उत्तिकै बलियो रहनेछ ।

प्राविधिक पक्ष बलियो होस् भनेर पोस्ट प्रोडक्सनको कतिपय काम हामीले भारतमा गरेका छौँ ।" सिनेमाको कुनै पनि पक्ष कमजोर नहोस् भनेर सुरुमै सचेत भएर काम गरिएको उनको भनाइ छ । वैशाख २६ गते प्रदर्शन हुने चलचित्रलाई फेरि टेल पिक्चर्सले निर्माण गरेको छ । 'जार' साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित सिनेमा हो । सन् १८ सयको दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनालाई सिनेमा समेट्ने निर्देशक लामा बताउँछन् । "इन्द्रबहादुर राईको कथामा सिनेम्याटिक लिबर्टी लिएर काम गरेका छौँ । त्यसैले कथा जति राम्रो छ, त्यो भन्दा सिनेमा भिजोअल ल्याङ्गवेजमा थप बलियो हुनेछ भन्ने हाम्रो विश्वास छ," उनले भने । यो सिनेमा मात्रै नभएर नेपाली समाजको दस्तावेज पनि भएको उनको भानाइ छ । साहित्यकार राईले सन् १८०० को दशकमा नेपाली समाजमा घटेको एक यथार्थ घटनामा आधारित रहेका कथा लेखेका थिए । चलचित्रमा सौगात मल्ल, अनुपविक्रम शाही, अभिनेत्री गीताञ्जली थापालगायत कलाकारको मुख्य भूमिकामा छ ।

होप रिल्स, एलए सेभेन सर्ट्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको चलचित्रलाई फूर्वा छिरिङ लामाले निर्देशन गरेका छन् । सिक्किममा छायांकन गरिएको चलचित्र 'जार'को कार्यकारी निर्मातामा त्रिलोचन पाण्डे, नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । सरवानन इलावार्सुको छायांकन रहेको चलचित्रमा अखिलेश राईको सम्पादन छ । सिनेमामा झुमा लिम्बू र गंगा थापाको संगीत छ ।

चलचित्र 'जार' नेपाल र भारतसहित अन्तर्राष्ट्रिय बजारमा एकसाथ प्रदर्शनमा आउने निर्माण टिमले बताएको छ । यो सिनेमा प्रदर्शनको लागि नेपालभित्र एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएको छ भने अन्तर्राष्ट्रिय वितरकको रूपमा सेभेन सिज सिनेमाले गर्नेछ ।

*-बाह्रखरी डटकम*

## दोस्रो सातामा कसरी चल्दैछ फिल्म 'पिताम्बर'?



एक्सन जनरामा बनेको फिल्म 'पिताम्बर' दोस्रो सातामा प्रदर्शनरत छ ।

चैत २९ गते रिलिज भएको फिल्मले सुखद् ओपनिङ गरेको थियो। नयाँ वर्षको पहिलो दिन फिल्मले देशभरका हलमा राम्रो व्यापार गऱ्यो। यसको निर्माणपक्षले व्यापारबारे आधिकारिक विवरण भने सार्वजनिक गरिसकेको छैन।

संगै रिलिज फिल्म 'कर्मा' को व्यापार कमजोर देखिँदा त्यसको फाइदा 'पिताम्बर' लाई मिलेको छ। 'कर्मा' धेरै हलबाट उत्रिसक्दा दोस्रो सातामा पनि 'पिताम्बर' को शोमा धेरै कमी आएको देखिँदैछ।

क्युएफएक्स, आईएआई, बिग मुभिज, वान सिनेमाज लगायतका मल्टिप्लेक्सले फिल्मलाई दोस्रो सातामा पनि राम्रो शो दिएका छन्। गत शुक्रबार नयाँ फिल्म रिलिज नहुनु र चैत २२ मा रिलिज 'वसन्त' पनि बक्स अफिसमा अपेक्षित नचल्नुको फाइदा पनि 'पिताम्बर' लाई देखिन्छ। प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल जस्ता नाम चलेका कलाकारहरू एउटै फिल्ममा हुँदा दर्शकहरू 'पिताम्बर' हेर्न उत्साहित थिए। फिल्म हेरेका दर्शकले यसको सेटिङ र एक्सन दृश्यको तारिफ गरिरहेका छन्। यद्यपि, दोस्रो सातामा यो फिल्मको व्यापार केही सुस्ताएको छ। शो राम्रो पाए पनि अकुपेन्सीमा गिरावट आएको अग्रिम टिकट बुकिङ हेर्दा देखिन्छ। यसैबीच, फिल्मको टिम भने यतिबेला मोफसल यात्रामा छ। पहिलो साता काठमाडौंका हलमा पुगेर दर्शक प्रतिक्रिया लिएको कलाकारसहितको टिम धनगढी, नेपालगञ्ज, बुटवल, चितवन हुँदै हेटौडा पुगेको छ।

त्यसक्रममा टिमले हलमा दर्शकसँग बसेर फिल्म हेर्नुका साथै अन्तरक्रिया समेत गरेको छ। टिममा अभिनेता प्रदीप खड्का, अनुपविक्रम शाही, दिव्यदेव पन्त, निर्देशक कृषा चौलागाईं, निर्माता विशाल चौलागाईंसहित छन्। केपी फिल्मस् र पुरूषोत्तम प्रधान फिल्मसको ब्यानरमा 'पिताम्बर' निर्माण भएको हो। यसमा प्रदीप, दयाहाङ र सौगातसहित अनुपविक्रम शाही, दिव्यदेव पन्त, सुरक्षा पन्त, दिव्या रायमाझी, सुपुष्पा भट्ट, प्रमोद अग्रहरी, आर्यन सिग्देल, कामेश्वर चौरासिया, गौरी मल्ल, रवीन्द्र झा, टिका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी लगायतको अभिनय छ ।

*-सेतोपाटी डटकम*

## ६ सय करोड कमाउने पहिलो नन् सिक्वेल फिल्म 'छावा'



केही वर्षअघिसम्म एक सय करोडको आँकडालाई बलिउडमा फिल्म सफलताको मानक मानिन्थ्यो । वर्षमा एकाध फिल्मले मात्र यो आँकडा पार गर्थे । तर, अहिले त्यही सय करोड पनि सामान्य बनेको छ । किनकि, बलिउड फिलमहरुले ५/६ सय करोडसम्म कमाउन थालेका छन् । र, यो नै फिल्म सफलताको नयाँ मानक बनेको छ । अब बलिउड एक हजार करोड कमाउने लक्ष्यमा छ ।

सन् २०२४ सम्म ६ सय करोडमाथि कमाइ गर्ने भारतीय फिल्म जम्मा दुईवटा थिए । त्यसमा एउटा दक्षिण भारतीय फिल्म 'पुष्पा २' थियो । यसले हिन्दी भर्सनमा ८ सय करोडमाथि कमाएको थियो । र, अर्को बलिउड फिल्म 'स्त्री २' थियो । यसको व्यापार ६२७ करोडमाथि छ । अब बलिउडले ६ सय करोड कमाउने दोस्रो फिल्म पाएको छ । त्यो हो, विक्की कौशल अभिनीत फिल्म 'छावा' ।यो फिल्मले १०औं हप्तामा ६ सय करोडको आँकडा नघाउन सफल भएको हो । फिल्मको कुल व्यापार ६ सय १० करोड भारु नेट पुगेको छ ।

योसँगै 'छावा'ले उक्त आँकडा पार गर्ने पहिलो 'नन् सिक्वेल' भारतीय फिल्मको इतिहास रचेको छ भने 'पुष्पा २' र 'स्त्री २'पछि उच्च कमाइ गर्ने तेस्रो भारतीय फिल्म बनेको छ । 'छावा'को यो अभूतपूर्व सफलताले बलिउडलाई नै आश्चर्यमा पारेको छ । ३६८.८५ प्रतिशत नाफा कमाएको यो फिल्ममा विक्कीसहित अक्षय खन्ना, रश्मिका मन्दाना, आशुतोष राणा, विनीत कुमार सिंह, येसुबाई भोन्सले, दिव्या दत्ता, प्रदीप रावत लगायतको अभिनय छ । छत्रपति सम्भाजी महाराजको जीवनमा आधारित भएर बनेको 'छावा'लाई लक्ष्मण उतेकरले निर्देशन गरेका हुन् । फिल्ममा विक्कीले छत्रपति महाराजको भूमिकामा जीवन्त अभिनय गरेका छन् ।

*-फिल्मीखबर डटकम*

# विश्व पुस्तक दिवस नेपालमा पनि मनाइँदै

**पाल्पा, वैशाख ९/** "विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस" आज नेपालमा पनि विभिन्न कार्यक्रम गरि मनाइँदै छ । सन् १९९५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसंघीय शैक्षिक तथा साँस्कृतिक संगठन युनेस्काको महासभाले अप्रिल २३ को दिनलाई विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवसको रुपमा मनाउने घोषणा गरेको थियो । सोही अनुसार हरेक वर्ष यो दिव मनाउने गरिएको छ ।

पुस्तक किनेर, वाचन गरेर, पुस्तकमाथि अन्तर्क्रिया वा चर्चा परिचर्चा गरेर तथा साथीभाइ, इष्टमित्रलाई पुस्तक उपहार दिएर यो दिवस मनाइँदैछ । शेक्सपियरलगायत विभिन्न चर्चित लेखकको जन्मदिनको अवसर पारेर संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले सो दिवस मनाउन थालेको हो । नेपालमा भने पाँच वर्षदेखि गैह्रसरकारी क्षेत्रबाट यो दिवस मनाउन थालिएको हो । युनेस्कोले अध्ययन, प्रकाशन र बौद्धिक अधिकारलाई प्रवर्द्धन गर्न सन् १९९५ देखि हरेक वर्ष आजको दिन (२३ अप्रिल) मा विश्व पुस्तक एवं बौद्धिक अधिकार दिवस मनाउँदै आएको छ । बेलायतका



कवि, नाट्यकार तथा अभिनेता शेक्सपियरको जन्म र स्मृति दिवस पनि आजै पर्छ । विश्वभरि १०० वटा भन्दा धेरै देशमा शैक्षिक संस्था, सार्वजनिक निकाय, व्यावसायिक समूह र निजी व्यवसायहरूद्वारा विभिन्न पुस्तक प्रदर्शनी, प्रतियोगिता, गोष्ठी तथा सेमिनार, सम्मान कार्यक्रम आदि आयोजना गरेर विश्व पुस्तक र प्रतिलिपि अधिकार दिवस मनाइन्छ ।

यो दिवस पुस्तक र लेखकलाई सराहना गर्ने, समाज रूपान्तरणको लागि योगदान गर्ने साहित्यकारहरूको सम्मान गर्ने आशासहित पुस्तक पढ्ने संस्कारमा वृद्धि गराउने उद्देश्यले पढाइको आनन्दको अन्वेषण समेत गर्नका लागि समर्पित दिन हो । यस दिनले हामीलाई पुस्तकहरूको गतिशीलतालाई कदर गर्ने अवसर दिन्छ र पुस्तक तथा तिनीहरूलाई उत्पादन, वितरण गरी पाठकको हातसम्म पुऱ्याउने पुस्तककर्मीहरूको प्रशंसा गर्न सिकाउँछ ।

पछिल्ला वर्षहरूमा संयुक्त राष्ट्रसंघ अन्तर्गतका बहुसंख्यक राष्ट्रका लेखक, प्रकाशक, पाठक, पत्रकार तथा पुस्तकप्रेमीले यसलाई लेख्न, पढ्न र प्रकाशन गर्न पाउने स्वतन्त्रताको रूपमा तथा रचित र लिखित सामग्रीलाई बौद्धिक सम्पत्तिको रूपमा मानेर त्यसको संरक्षणका लागि प्रतिलिपि अधिकार दिवसको रूपमा समेत मनाउने गरेको पाइन्छ ।

## खेलकुद समाचार

# विश्वकप विजेता रोबर्टोलाई नेपालमा स्वागत



**काठमाडौं, वैशाख ९/**विश्वकप विजेता ब्राजिली फुटबलका लिजेन्डरी खेलाडी रोबर्टो कार्लोसलाई नेपालमा भव्य स्वागत गरिएको छ । मंगलबार नेपाल आएका उनलाई विमानस्थलमै तामझामसहित स्वागत गरिएको हो ।

अहिले चलिरहेको नेपाल सुपर लिग (एनएसएल) को मौका छोपेर उनी केहीबेर अघि काठमाडौं विमानस्थलमा उत्रिएका हुन् । एनसेल एनएसएलको आयोजक नेपाल स्पोर्टस एण्ड इभेन्ट म्यानेजमेन्ट (एनएसइएम) ले दिएको जानकारी अनुसार उनले बुधबार हुने धनगढी एफसी र पोखरा थन्डर्सबीचको दोस्रो क्वालिफायर खेल हेर्ने छन् ।

यसअघि गत शुक्रबार नेपाल आउने तालिका रहे पनि स्वास्थ्य अवस्थाका उनको भ्रमण स्थगित भएको थियो । कार्लोसलाई विश्वकै उत्कृष्ट रक्षकमध्ये एक मानिन्छ । ५१ वर्षीय कार्लोसले सन् १९९२ देखि २००६ सम्म ब्रजिलका लागि खेलेका थिए । उनीले सन् २००२ को फिफा विश्वकप जिताउन योगदान गरेका थिए । फुटबलका ग्लोबल आइकन रोबर्टो कार्लोस आफ्नो शक्तिशाली फ्रिकिक, गति र मैदानमा अतुलनीय ऊर्जाका लागि परिचित छन् । स्पेनिश क्लब रियाल मड्रिड र ब्राजिलियन राष्ट्रिय टोलीका पूर्व खेलाडीसमेत रहिसकेका कार्लोस फुटबल इतिहासका सबैभन्दा प्रशंसित डिफेन्डरहरू मध्ये एक हुन् । फिफा विश्वकप र चार ला लिगा उपाधिहरू सहित दुई दशकभन्दा लामो व्यावसायिक फुटबल खेलमा उनले विश्वभरका लाखौं फुटबल प्रेमीहरूलाई प्रेरित गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# बढ्यो सुनको मूल्य, तोलाको २ लाख नजिक



**पाल्पा, वैशाख ९/**स्थानीय बजारमा मंगलबार सुनको भाउले ऐतिहासिक रेकर्ड बनाएको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाल सुन तोलामै ६ हजार ९ सय रुपैयाँ बढेको हो । योसँगै सुनको भाउ तोलाको १ लाख ९७ हजार ९ सय रुपैयाँ पुगेको छ । केही दिनयता स्थिर रहेको चाँदीको भाउ भने तोलामा १० रुपैयाँले वृद्धि भएको छ । सोमबार तोलाको १ हजार ९ सय ६० रहेको चाँदी १ हजार ९ सय ७० रुपैयाँमा कारोबार भइरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सोमबार सुनको मूल्यमा भारी वृद्धि हुँदा नेपाली बजारमा पनि वृद्धि भएको हो । अन्तर्राष्ट्रिय बजारमा प्रतिऔंस ३ हजार ४ सय अमेरिकी डलर नाघेको छ । मंगलबार कारोबार प्रारम्भमा थप मूल्य बढेर ३ हजार ४ सय ८० डलर हाराहारी पुगेको हो । गत साताको तुलनामा मूल्य करिब ५ प्रतिशत बढेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केन्द्रीय बैंक (फेडरल रिजर्भ) लाई दिएको एक धम्कीका कारण सुनको मूल्यमा भारी वृद्धि भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यम सीएनबीसीले जनाएको छ ।

ट्रम्पले शुक्रबार मात्रै केन्द्रीय बैंकलाई हस्तक्षेप गर्ने आशयले अभिव्यक्ति दिएका थिए । 'धेरैले ब्याजदरमा कटौतीको माग गरिरहेका छन्,' ट्रम्पले ट्रुथ सोसलमा भनेका छन्, 'अहिले ब्याजदर घटाउन नसके अर्थतन्त्रमा मन्दी आउन सक्छ ।' साथै, उनले ब्याजदर तत्काल घटाइ हाल्न फेड अध्यक्ष जेरोम पावेललाई निर्देशनात्मक शैलीमा भनेका छन् । शुक्रबार, शनिबार र आइतबार अन्तर्राष्ट्रिय बजार बन्द रहेकाले त्यसको प्रभाव एकै पटक सोमबार मात्रै देखिएको हो । उनले ब्याजदर कटौती नगरेकोमा फेड अध्यक्ष पावेलको आलोचना गरेका छन् । ट्रम्पले हस्तक्षेप गर्दा केन्द्रीय बैंकका नीति अस्थिर हुने र यसले अर्थव्यवस्थामा खराब असर पर्ने अनुमानपछि लगानीकर्ता सुनमा आकर्षित भएका हुन् । यसले सुनको मूल्यमा भारी वृद्धि भएको छ भने अमेरिकी सेयर बजारमा भारी गिरावट आएको छ ।

# बालमैत्री घोषणाको तयारीमा रामपुर नगरपालिका

**पाल्पा, वैशाख ९/**जिल्लाको रामपुर नगरपालिकाले बालमैत्री स्थानीय शासन घोषणा गर्ने तयारीलाई तिव्रता दिएको छ । नगरपालिकाले आगामी २०८३ साल मंसिर ५ गते बालमैत्री घोषणा गर्ने गरी तयारीलाई तिव्रता बनाएको हो ।

बालमैत्री घोषणाका लागि अहिले वडा/वडामा विभिन्न कार्यक्रम भईरहेका छन् । वडामा समिति गठन, बाल क्लव गठन, घरधुरी सर्वेक्षण, बालबलिकाको पारिवारिक, आर्थिक र शैक्षिक अवस्था पहिचानका कार्यक्रमहरु भएको छ । नगरका १० वटै वडामा बालमैत्री स्थानीय शासन वडा समिति गठन गरेको छ भने वडा नं.२ लाई घोषणाको अन्तिम चरणमा पुगेको रामपुर नगरपालिकाले जनाएको छ । बालमैत्री घोषणा कार्यक्रम अन्तर्गत गणकहरुलाई बालमैत्री घरधुरी सर्वेक्षण सम्बन्धी अभिमूखिकरण प्रदान गरेको छ । बालबालिकाको अवस्था पहिचानका लागि रामपुर नगर भित्रका वडामा खटिने गणाकहरुलाई अभिमूखिकरण प्रदान गरिएको छ ।



बालमैत्री स्थानीय शासन घोषणाको पहिलो र महत्वपूर्ण आधार बालबालिकाको अवस्था बुझ्ने घरधुरी सर्वेक्षण भएकाले अभिमुखिकरण प्रदान गरिएको नगरपालिकाका कार्यवाहक नगर प्रमुख बाल कुमारी थापाले बताइन् । साथै उनले गणकहरुलाई सही तथ्याङ्क संकलन गर्न आग्रह गरिन । उनले रामपुर नगरपालिकालाई समृद्ध र प्रभावकारी कार्यान्वयन सहितको बालमैत्री स्थानीय शासन सहितको नगरपालिका बनाउन सबै लाग्नु पर्नेमा जोड दिइन् ।

साथै समुचित विकास र समृद्धिका लागि बालमैत्री स्थानीय शासनका सुचक पुरा गरेर बालमैत्री स्थानीय शासन घोषणा गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको प्रमुख थापाको भनाई छ । नगरपालिकाका नगर प्रवक्ता एवं कपिल बहादुर खाँणले नगरपालिकाको दिगो विकास र समृद्ध नगर निर्माणका लागि बालबालिका केन्द्रित बालमैत्री कार्यक्रम लागु गर्न आवश्यक रहेको भन्दै बालमैत्री स्थानीय शासन घोषणाले यो लक्ष्य प्राप्त गर्ने बताए ।

नगरका सबै वडामा बालमैत्री स्थानीय शासन वडा समिति गठन गरेर अहिले गणकहरुका लागि अभिमुखिकरण प्रदान गर्ने काम भइहेको बालमैत्री फोकल पर्सन सञ्जु परियारले जानकारी दिइन् ।

# तीनकुने घटनालाई लिएर राप्रपा पाल्पाले बुझायो प्रधानमन्त्रीलाई ज्ञापनपत्र

**पाल्पा, वैशाख ९/**राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पाल्पाले यहीँ चैत्र १५ गते भएको तीनकुने घटनाका विषयलाई लिएर प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ । राप्रपाले तीनकुने घटनाको सन्दर्भमा ६ बुँदे मागसहित मंगलबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको हो ।

उसले तीनकुने घटनाका विषयमा छानबिन गर्न आयोग गठन गर्न माग गरेको छ । उक्त घरुटनामा सरकारको दमनकारी नेतृत्वका कारण जनताको ज्यान गएको बताउँदै गृहमन्त्री



रमेश लेखकको राजीनामाको मागसमेत राप्रपाले गरेको छ । राप्रपाका जिल्ला अध्यक्ष डुलबहादुर कुंवरको नेतृत्वमा गएको राप्रपा नेताहरुको टोलीले प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीलाई ध्यानाकर्षणपत्र बुझाएको हो । ध्यानाकर्षणपत्रमा सर्वोच्च अदालतका पूर्वन्यायाधीशको अध्यक्षतामा मानवअधिकार आयोग, नागरिक समाज सम्मिलित स्वतन्त्र छानबिन आयोग गठन राप्रपाले माग गरेको छ । गृहमन्त्रीसँगै १५ गतेको नेतृत्व गर्ने प्रहरी र प्रशासनिक प्रमुखलाई निलम्बनको माग समेत गरिएको छ । साथै, उक्त दिन ज्यान गएका पत्रकार सुरेश रजक र सविन महर्जनलाई शहिद घोषणा तथा क्षतिपूर्तिको माग गरिएको छ ।

यसका साथै, रवीन्द्र मीश्र र डा. धवल शमशेर राणालगायत अन्य बन्दीहरूको रिहाइको माग समेत गरिएको छ । पार्टीले पेश गरेका ४० बुँदे माग उपर नवीन समझदारीका लागि वार्ता टोलीको गठन गर्न समेत राप्रपाले माग गरेको छ ।


## बन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका ठुटा जथाभावी नफालौं । यसले आगलागीको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौ, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजंगलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खवर गरौ,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं ।

***डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।***

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई